घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

**बैठक संख्याः २०८०/०८१ – ०९**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः वि. स. २०८० साल फागुन ०६ गते आइतबार        समय १०.०० बजे देखि सुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री विष्णु प्रसाद पोखरेल | घिरिङ गाउँपालिका<br>प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका<br>वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका<br>वडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका<br>वडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका<br>वडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका<br>वडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | — | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | — | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका<br>कार्यपालिका सदस्य | | |
| राष्ट्र सेवक कर्मचारीहरु | | | | |
| १५ | धुवराज खानिधाने | अधिकृत | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०७९/०८०/९ मिति : २०८०/११/०६

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) पूर्ण खोप सम्बन्धी जिल्ला पशु स्वास्थ्य कार्यालयको कार्यक्रम (विहान १०.०० बजे) ।

२) प्रधानमन्त्री स्वरोजगार सम्बन्धमा ।

३) अध्यक्ष कप खेल सम्बन्धमा ।

४) जग्गा वर्गीकरण सम्बन्धमा ।

५) आर्थिक सहायता (जिल्ला सहकारी संघ व्यास-२ दमौली,धन बहादुर वि.क.,मगर संघ स्थापना दिवश,भिमकाली सरोकार समाज भिमाद-१ ,कल्याणदेवी आ.वि. घिरिङ-४,मोति आ.वि.घिरिङ-५, शुक्लागण्डकी महोत्सव पुरुष भलिवल प्रतियोगिता,कुमाल समाज माघीमेला, हाजिरी जवाफ प्रतियोगिता ) सम्बन्धमा ।

६) विविध ।

निर्णय नं १ प्रस्ताव नं.१ माथि छलफल गर्दा जिल्ला पशु स्वास्थ्य कार्यालयबाट पालिकालाई पूर्ण खोप सम्बन्धी सेवा संचालन गर्ने र सो कार्यक्रमका लागि आवश्यक पर्ने विभिन्न सहयोगहरु मुख्यतय वडा र पालिका कार्यालयबाट पनि अनुगमन गरी कार्यक्रम सफल बनाउने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.व.मा संचालन हुने प्रधानमन्त्री स्वरोजगार शिर्षकबाट विनियोजन भएका वडा स्तरीय योजनाहरुलाई जम्मा रु ७ लाख रहेको हुँदा सक्दो चाडो काम सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा पालिका स्तरीय अध्यक्ष कप खेल प्रतियोगीता मिति २०८० ११ २० र २१ गते संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यसै गाउँपालिका वडा नं.१ बस्ने ङन बहादुर कार्कीका नाममा जग्गा धनी प्रमाण पुर्जा भएको साविक गजरकोट गा.वि.स.वडा नं.७क कि.नं.९४ क्षेत्रफल २-३-२-० भएको जग्गा भु उपयोग वर्गीकरणका क्रममा कि.नं.९५ भै फरक परेको हुँदा उक्त कि.नं ९५ शंसोधन गरी जग्गा वर्गीकरण अभिलेखमा पनि कि.नं.९४ गर्ने निर्णय गरियो ।

लिला प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घिरिङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा माथिको अनुसारका शिर्षकमा अन्य सहायता शिर्षकबाट आर्थिक सहायता दिने निर्णय गरियो ।

| क.सं. | विवरण | रकम | कै. |
|---|---|---|---|
| १ | जिल्ला सहकारी संघ | ३०,०००.०० | |
| २ | धन वहादुर वि.क. वडा नं.४ | ७,०००.०० | |
| ३ | मगर संघ स्थापना दिवस | २०,०००.०० | |
| ४ | भिमकाली सरोकार समाज भिमाद १ | २०,०००.०० | |
| ५ | कल्याणदेवी आ.वि. वडा नं.४ | इष्टीमेटका आधारमा भुक्तानी | |
| ६ | मोती आ.वि. वडा नं.५ | ५०,०००.०० | |
| ७ | कुमाल समाज माघीमेला | ४०,०००.०० | |
| ८ | हाजिर जवाफ प्रतियोगिता | १७,०००.०० | |
| ९ | बुद्धी आ.वि. | ५०,०००.०० | |
| १० | धुलीखेल अस्पताल जाने बाटो पोल व्यवस्थापन वडा नं.१ | २०,०००.०० | |
| ११ | राधाकृष्ण आ.वि. | इष्टीमेटका आधारमा भुक्तानी | |
| १२ | जन विकास युवा कल्ब | १०,०००.०० | |
| १३ | ओम कुमार वि.क. आर्थिक सहायता | ५,०००.०० | |

निर्णय नं ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- जग्गा वर्गिकरणका बखत छुट र फरक पर्न गएका कि.नं.हरुका लागि वडा स्तरबाट तत्काल नै तथ्याङ्क संकलन गरी उपलब्ध गराउने साथै सम्वन्धित कन्सल्टेन्सीसँग सम्पर्क गरी उक्त काम सम्पन्न गर्ने निर्णय गरियो ।
- आँखाको स्कीनीङ्ग जाँचको शिविर मिति २०८०/११/१७ गतेका दिन वडा नं.१ पुट्टारमा र मिति २०८०/११/१७ गतेका दिन वडा नं.३ श्री घिरिङ हे.पो .मा रहने निर्णय गरियो ।
- पर्यटन विकास सम्बन्धमा छलफाल साथै प्रशिक्षण कार्यक्रम मिति २०८०/११/१३ गतेका दिन गाउँपालिका सभाहलमा राख्ने निर्णय गरियो ।
- यस पालिका कार्यालयबाट मिति २०८०/०७/१ गतेका दिन रसिद नं ३७ बाट आम्दानी देखिएको राजश्य रकम ३०,०००,०० (अक्षरुपी तीस हजार ) मात्र मिति २०८०/१०/११ गतेका दिन पालिका आन्तरिक राजश्व खातामा जम्मा गरिएको हुँदा रसिद नं.३७ रद्ध गर्ने निर्णय गरियो ।
- यस पालिकाको वडा नं.१ बैडीमा रहेको गडीभौरीको कृषि सडकमा वर्षाको पानिले हिलाम्य हुने,कृषकको उत्पादित अनाज खेतवारीबाट ढुवानी गर्न गाह्रो भएकोले उक्त सडक स्तरवृद्धि गर्नका लागि रु १,०००००,०० (अक्षरुपी एक लाख रुपया )मात्र अन्य सहायता शिर्षकबाट दिने निर्णय गरियो ।

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीघाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

- घिरिङल स्वास्थ्य चौकीमा ढलानबाट पानी चुहिएको र यसले तल कोठामा भएका औषधी लगायत सामान विग्रन सक्ने भएकोले उक्त भवन मर्मत सुधारको लागि रु.१ लाख अन्य सहायता शिर्षकबाट दिने निर्णय गरियो ।
- शुक्लागण्डकी महोत्सवमा सहभागी भलीवल खेलाडीलाई उपयुक्त विल भरपाईका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

विष्णु प्रसाद पोख्रेल
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर
अध्यक्ष